# फेमिनिस्ट इन्टरनेटका सिद्धान्तहरु

# फेमिनिस्ट इन्टरनेटका सिद्धान्तहरु

मुख्य श्रोत : https://feministinternet.org
एसोसियन फर प्रोग्रेसिभ कम्युनिकेसन (APC)

APC
ASSOCIATION FOR PROGRESSIVE COMMUNICATIONS

अनुवादक र प्रकाशन : बडी एण्ड डाटा

Body & Data

# फेमिनिस्ट इन्टरनेटको सिद्धान्तको सिर्जना :

सन् २०१४ र २०१५ मा एसोसिएसन फर प्रोग्रेसिभ कम्युनिकेसन Association for Progressive Communication (APC) अन्तर्गत महिला अधिकार कार्यक्रम (Women's Rights Programme WRP) को आयोजनामा "फेमिनिस्ट इन्टरनेटको कल्पना" नामक कार्यक्रम मार्फत बृहत सहभागीहरु सम्मिलित फोरमद्वारा इन्टरनेट सम्बन्धि बिभिन्न मुख्य मुद्धाहरु माथि बहस र छलफल गर्दै यस फेमिनिस्ट इन्टरनेटको सिद्धान्तको सिर्जना भएको हो । त्यस पछाडी पनि यस सिद्धान्तहरु विभिन्न चरणमा विभिन्न अनलाइन र अफलाइन फोरम मार्फत अझै बृहत र परिमार्जित हुदै आएको छ ।

एपिसी (APC) सन् १९९०मा स्थापित इन्टरनेट, सुचना र संचारसंग सम्बन्धित बृहत नागरिक, राजनीतिक, आर्थिक, सामजिक र सांस्कृतिक अधिकारहरुको क्षेत्रमा काम गर्दै आइरहेको बिश्वब्यापी नागरिक समाज र संस्थाहरुको संजाल हो । APC, WRP ले आफ्नो काममार्फत फेमिनिस्ट विश्लेषण र महिला तथा यौनिक अधिकारको दृष्टिकोण मार्फत आफ्नो काम अगाडी बढाउदै आएको छ ।

फेमिनिस्ट इन्टरनेटका सिद्धान्तहरु

## प्रस्तावना अगस्त २६, २०१६:

फेमिनिस्ट ईन्टरनेटले महिला तथा क्वेयर   व्यक्तीहरुलाई - आफ्ना हरेक विविधिताका साथ - आफ्ना सबै   अधिकारहरुको पूर्ण रूपले मज्जा लिन, खेल/क्रियाकलाप र (यौनिक) आनन्द/खुशीमा संलग्न हुन - पितृसत्तालाई नाश गर्नका लागि अझै सशक्त बनाउने कार्य गर्दछ । यसले हाम्रो आफ्नो उमेर, अपाङ्गता, यौनिकता, लैंगिक पहिचान र अभिव्यक्तिहरु, सामाजिक-आर्थिक अवस्थिति, राजनीतिक र धार्मिक विश्वास, जातीय मौलिकता र नश्लीय मापक/चिन्ह जस्ता आफ्ना विभिन्न वास्तविकता, सन्दर्भहरु र विशिष्टताहरुलाई एकै ठाउँमा जोडेर बुझ्न सघाउंछ। जस अन्तर्गत निम्न मुख्य सिद्धान्तहरुले फेमिनिस्ट इन्टरनेटबारे आलोचनात्मक चेत राख्न हामीलाई मदत गर्छ ।

# पहुँच

# ईन्टरनेटमाथिको पहुँच




फेमिनिस्ट इन्टरनेटको सिध्दान्तहरु मध्ये इन्टरनेटमाथिको पहुँच पनि एक मुख्य सिद्धान्त हो । जसमा महिला र क्व्येर व्यक्तिहरुले बिना रोकतोक इन्टरनेटको प्रयोग गर्न, यसबाट आनन्द लिन, आफुलाई व्यक्त गर्न र अर्थपूर्ण तरिकाले इन्टरनेटको प्रयोग गर्न सकून । त्यसको लागि इन्टरनेट सस्तो, खुला, कुनै पनि बन्देज रहित र सर्व सुलभ भने हुनु पर्छ साथै यसको प्रयोग व्यक्तिगत, पारिवारिक, सामाजिक र राज्य सबै तहमा स्वीकार्य हुनुपर्छ। आर्थिक, भौगोलिक, सामाजिक सांस्कृतिक, लैंगिक, शारीरिक अवस्था (अपांगता) इत्यादीको फरकपनका बावजुत, सबै व्यक्तिको इन्टरनेटमाथीको अर्थपूर्ण र समान पहुँच सुनिस्चित हुनु नै फेमिनिस्ट इन्टरनेटको सुरुवात हो ।

# सूचनामा पहुँच

इन्टरनेटमा उपलब्ध सूचनामाथिको सहज पहुँच पनि यो सिध्दान्तको अर्को प्रमुख पक्ष हो । बिशेषगरी महिला र क्व्येर व्यक्तिहरुका निम्ति महत्वपूर्ण जानकारीहरू जस्तै यौन तथा प्रजनन स्वास्थ्य अधिकार, सुरक्षित गर्भपतन, LGBTIQ सम्बन्धित् मुद्धा, न्याय माथिको पहुँच र यौनिक आनन्द सम्बन्धि जानकारी सहज रुपमा पाउनुपर्ने हाम्रो विश्वास छ । दक्षिण एशियाली हाम्रो जस्तो मुलुकमा यस्ता जानकारीहरु सामाजिक, सांस्कृतिक र कानुनी तहमा अश्लिल या समाज बिगार्ने सुचनाको रुपमा हेरिने हुनाले प्रतिबन्धित बिषय बन्ने गरेको छ । यधपि यी जानकारी भनेको महिला र क्व्येर व्यक्तिहरुको मर्यादित जीवनका निम्ति अति आवश्यक सुचनाहरु हुन् । कतिपय अवस्थामा यो उनीहरुको जीवन मरणको सवालसँग सरोकार राख्ने सुचना पनि हो भने सुचनाको हकको अधिकारसँग सम्बन्धित् बिषय पनि हो ।



# टेक्नोलोजीको प्रयोग

फेमिनिस्ट इन्टरनेटको अर्को सिद्धान्त अनुसार हरेक महिला र क्वेयर व्यक्तिहरुलाई कोड गर्ने, डिजाईन गर्ने, आफु अनुकुल त्यस्तो डिजाईन परिमार्जन र प्रयोग गर्ने, आलोचनात्मक र दिगो रूपले सूचना तथा प्रविधिको संरचना (ICTs) प्रयोग गर्ने अधिकार हुनुपर्छ । साथै प्रविधिलाई आफ्नो रचनात्मकता र अभिव्यक्तिको थलोको रुपमा पुनर्दाबी गर्दै र हरेक ठाउँमा हुने विभेद र सेक्सिस्म (यौनवाद) को संस्कृतिलाई चुनौती दिने काम गर्न पाउनुपर्छ ।



# अभियान र सार्वजनिक सहभागिता

# प्रतिरोध /प्रतिवाद

हाम्रो समाज पितृसत्ता र विषमयौनिकता (हेट्रोनर्मेटिभिटी) को मान्यताले निर्देशित छ जहाँ महिला र बिविध लैंगिक तथा यौनिक व्यक्तिमाथि सामाजिक, सांस्कृतिक, आर्थिक, कानुनी, लैंगिक, शारीरिक, मानसिक विभेद र हिंसा व्यापक छ र त्यसैलाई मलजल गर्ने मूल्य मान्यताहरु पालना गर्ने, गराउने र लाद्ने काम पनि गरिन्छ । यहि प्रबृत्ति इन्टरनेटको थलोमा पनि अभ्यास भइरहेको हामी देख्न सक्छौं । जसको हामीले निजी, सार्वजनिक र सबै क्षेत्रमा खुलेर प्रतिवाद गर्दै आएका छौं । हाम्रो फेमिनिस्ट इन्टरनेटको परिकल्पना भनेको यस्तो इन्टरनेट थलो बनाउनु हो जसमा हाम्रो यिनै प्रतिरोधको प्रयास र संघर्षहरुले निरन्तरता र सफलता पाइरहोस् ।



# अभियान निर्माण (मुभमेन्ट बिल्डिंग)




इन्टरनेट एउटा परिवर्तनकारी राजनीतिक* थलो हो । इन्टरनेटलाई मानिसले विभिन्न तरिकाले प्रयोग गर्न सक्छन् । साथै यसमा बैचारिक हिसाबले संगठित हुदै आफ्नो मुद्धालाई अगाडी लैजान सकिन्छ । विशेष गरि महिला र सिमान्तकृत समुदायको आवाज इन्टरनेट मार्फत झनै बलियो भएर आउनसक्छ ।

त्यस्तै इन्टरनेटमा व्यक्तिले आफुले चाहेको व्यक्तित्व, लैंगिकता र यौनिकता दावी गर्दै आफ्नो छुट्टै परिचय बनाउन सक्छ जुन सुबिधा उसलाई इन्टरनेट बाहिरको दुनियाँमा प्राप्त हुदैन । यसले विभिन्न क्षेत्रहरुलाई जोड्ने, जवाबदेहिता र पारदर्शिता खोज्ने, र दिगो रुपमा फेमिनिस्ट अभियान निर्माणका लागि अवसरहरु श्रीजना गरिराख्ने काम गर्छ। यसरी हेर्दा हामी इन्टरनेट नागरिक हौ किनकि हामी यसमा आफ्नै खालको पहिचान, अस्तित्व र अधिकार अभ्यास गरिरहेका छौं ।

* बडी एण्ड डाटाको लागी राजनैतिक शब्दको अर्थ मुलधारे पार्टीगत राजनीति मात्र नभई सर्वसाधारणको जीवनसंग सरोकार राख्ने र सामाजिक, सांस्कृतिक, आर्थिक, लैंगिक जस्ता बिबिध मुद्धाहरुलाई छुने बिषय हुन् । इन्टरनेटको हकमा भने यसमा सर्वसाधारणले आफुलाई आवश्यक जानकारी लिने, अध्ययन गर्ने, जागिर खोज्ने या अनलाइन काम गर्ने, साथी बनाउने, पार्टनर खोज्ने, मनोरंजन प्राप्त गर्ने, संगठित हुने र अभियान संचालन गर्ने जस्ता यावत गतिबिधिहरु समेत व्यक्तिगत राजनीतिक चेत र अवस्थिति कै उपज हो भन्ने हाम्रो बुझाई छ ।

# इन्टरनेट सु -शासन

जसरी हाम्रो शासन प्रणाली राम्रो हुन बिभिन्न क्षेत्रको महत्व र सहभागिता हुने गर्छ, त्यसै गरी इन्टरनेट सु-शासन कायम गर्न पनि फरक फरक क्षेत्रको सहभागिता आवश्यक छ | सन् २००८ मा आयोजित सूचना र समाज सम्बधि बिश्व सम्मेलनका अनुसार क ) सरकार, ख) निजी क्षेत्र तथा ग) नागरिक समाज यी तिनै पक्षले आफ्नो भूमिका बमोजिम इन्टरनेटलाई गतिशील बनाउन साझा सिद्धान्त, नीति नियम, निर्णय प्रक्रिया र कार्यक्रमहरुको बिकास र अभ्यास गर्नु गराउनु नै इन्टरनेट सु-शासनको परिभाषा हो [1]| यसै सन्धर्भमा, हामी धेरै भन्दा धेरै फेमिनिस्ट र क्वेयर व्यक्तिहरु यस्ता निर्णयात्मक ठाउँमा हुनु पर्ने कुरामा विश्वास राख्छौ | हामी इन्टरनेटको सु-शासनलाई नियन्त्रण गर्ने पितृसत्तात्मक थलो र प्रक्रियालाई चुनौती दिनमा विश्वास गर्छौं | साथै हामी इन्टरनेटलाई प्रभाव पार्ने नीति निर्माण प्रक्रिया तथा विश्व देखि स्थानीय संजालहरुमा शक्तिको बिस्तार गर्ने कार्यलाई लोत्कान्त्रिक बनाउन चाहन्छौं |



[1] https://www.cfr.org/backgrounder/what-internet-governance

# अर्थव्यवस्था

# वैकल्पिक अर्थव्यवस्थाहरु

इन्टरनेटको उदय र विकासमा एक व्यक्ति या कम्पनिको मात्र स्वामित्व नभएता पनि यसको प्रशारण, बिक्रि वितरण र मुनाफा प्राप्ति भने अधिकतर निजी क्षेत्रकै हातमा गइरहेको छ । विश्व अर्थतन्त्र पुँजीवादी र नव उदारवादमा आधारित छ जहाँ धेरै उत्पादनका श्रोतहरु निजी क्षेत्रको स्वामित्व र नियन्त्रणमा छ । ठुला नाफा मुलक संघ संस्थाले यी श्रोतहरुको दोहन गरिरहेको छ र बजारमाथि आफ्नो अधिपत्य स्थापित गर्न सफल भएको छ । हामी इन्टरनेट र प्रविधिलाई थप निजीकरण, नाफा उन्मुख र कर्पर्रेट अधिनस्थ बन्न प्रेरित गर्ने यस्तो पुँजीवादी तर्कलाई सदैब प्रश्न गर्न प्रतिबद्ध छौं । हामी इन्टरनेट सँग सम्बन्धित अर्थतन्त्रको हकमा पनि सहकार्य, एकता, कमन्स, पर्यावरणीय स्थिरता र खुल्लापनको सिद्धान्तहरुमा आधारित विभिन्न वैकल्पिक आर्थिक शक्ति निर्माणका लागि काम गर्छौं ।








# निशुल्क र खुल्ला श्रोत

इन्टरनेटको प्रयोगलाई मितव्ययी, सहज, सुरक्षित र लोकतान्त्रिक बनाउनका लागि केहि कुराहरु हामीले ध्यान दिनु जरुरि हुन्छ । जसमा निशुल्क लिब्रे (libre) तथा खुल्ला श्रोतको सफ्टवेयर (FLOSS) को प्रयोग गर्नु पनि एक हो । FLOSS को प्रयोगबारे प्रबर्धन र प्रचार गर्नु पनि हाम्रो प्राथमिकता हो । हामी सकेसम्म निशुल्क, सुरक्षित र खुला सफ्टवेयर, उपकरण र प्लाटफर्मको प्रयोग गर्न जोड दिन्छौं । साथै इन्टरनेट र प्रबिधिको प्रयोगमा विभिन्न परिक्षण गर्दै हामी सुरक्षित डिजिटल अभ्यासमा समेत प्रतिबद्ध छौं ।



# अभिव्यक्ति

# फेमिनिस्ट संकथन (डिस्कोर्स) को विस्तार गर्नु

इन्टरनेट एउटा यस्तो शक्तिशाली माध्यम हो जसको सहायताबाट महिलाहरुको कथा र उनीहरुले भोगेका यथार्थहरुलाई बाहिर ल्याउन सकिन्छ । हामी यिनै उपेक्षा गरिएका र दबाइएका कथाहरुलाई बाहिर ल्याई प्रचार -प्रसार गर्न इन्टरनेटको शक्तिलाई प्रयोग गर्छौं । यो काम जरुरी पनि छ । किनभने राज्य, धर्म र अरु किसिमका अतिवादीहरुले नैतिकताको जडमा महिलाहरुमाथि नियन्त्रण जमाउने गर्छन् । उनीहरु बिशेषतः फेमिनिस्ट आवाजहरुलाई मौन बनाउने र महिला मानव अधिकार रक्षकहरुलाई दमन गर्दै आफ्नो शक्ति र बर्चस्व कायम राखी रहन खोज्छन् । जसलाई हामीले इन्टरनेट मार्फत प्रतिवाद गर्नु आवश्यक छ ।



# अभिव्यक्ति स्वतन्त्रता

हामी कुनै पनि राजनीतिक र धार्मिक बिचारको अभिव्यक्ति जत्तिकै यौनिक अभिव्यक्ति पनि महत्वपूर्ण हुने कुरा मान्छौं र यौनिक अभिव्यक्तिको अधिकार रक्षा गर्नुपर्नेमा विश्वास गर्छौं । राज्य वा गैर-राज्य पक्षवाट फेमिनिस्ट र क्वेयर व्यक्तिहरुको अभिव्यक्तिमाथि निगरानी, नियमन, नियन्त्रण र प्रतिबन्ध लगाउने प्रयासहरु भैरहेको हुन्छ। बिशेष गरि उनीहरुको अधिकारमुखी वकालत र यौनिक अभिव्यक्तिलाई सामाजिक मुल्य मान्यता, परम्परा, नैतिकता जस्ता सवाल उठाएर नियन्त्रण गर्ने काम हुन्छ । मोरल पुलिसिङ्ग र सेन्सरसिप लाद्ने काम हुन्छ । जसको लागि बिभिन्न प्रविधि, कानुन र हिंसात्मक गतिबिधिहरुको सहारा लिने गरिन्छ । यसलाई राज्यको यस्तो बृहत परियोजनाको रुपमा पनि पहिचान गर्न सकिन्छ जहाँ नागरिकहरुको बर्नानुक्रम (हाईरर्किजेसन) गर्दै उनीहरुको अधिकारहरुको कटौती गर्ने काम हुन्छ । यस्ता तमाम निरङ्कुश,अलोकतान्त्रिक र विभेदको प्रयासहरु प्रति हाम्रो घोर आपत्ति छ ।






# पोर्नोग्राफी र “हानिकारक सामग्री”

हामी अनलाईन पोर्नोग्रफिलाई अश्लील सामग्री हो भन्ने बुझाइको चिरफार गर्न चाहन्छौ र यसलाई व्यक्तिको एजेन्सी, सहमति, शक्ति सम्बन्ध र श्रमसंग जोडिएको बिषयको रुपमा हेर्छौं । साथै पोर्नोग्राफीको उपभोग नै महिला (तथा सिमान्तकृत) माथि हुने यौन हिंसाको कारक तत्व हो भन्ने सतही बुझाई अस्विकार गर्छौं । किनभने यौनहिंसाको जरा हाम्रो सामाजिक शक्ति संरचना जोडिएको छ र यसको पुनर्संरचना नगरी खाली पोर्नोग्राफी निषेध गरेर मात्र हिंसाको अन्त्य निश्चित हुदैन । हामी महिला र क्व्येर व्यक्तिको यौनिकता अभिव्यक्तिहरुलाई “हानिकारक सामग्री” को बिल्ला भिराउने कामलाई पनि खारिज गर्छौं । यसको बिकल्पमा महिला तथा क्वेयर व्यक्तिहरुको चाहनालाई केन्द्रमा राखी मुलधारे पितृसतात्मक गेज/हेर्राईलाइ प्रतिरोध गर्ने खालको कामुक सामग्री बनाउने र पुर्नर्दाबी गर्ने कार्यलाई समर्थन गर्छौं ।

# एजेन्सी

# सहमति

हामी इन्टरनेटमार्फत स्थापित हुने व्यक्ति व्यक्ति बीचको सम्बन्धमा अनिवार्य रुपमा मन्जुरी/सहमति कायम हुनुपर्ने संस्कृति र नैतिकताको खाँचो देख्छौ । साथै इन्टरनेट र प्रबिधिको ढाँचा, नीति र सेवा तथा शर्तहरुको बिषयमा पनि प्रयोगकर्ताको सुसूचित मन्जुरी हुने खालको राजनीतिक अभ्यासको आवश्यकता देख्छौ र यसको निम्ति आवहान गर्छौं । साथै महिलाको एजेन्सी आफ्नो सार्वजनिक र निजि जीवनको कुरा के कति मात्रा अनलाइनमा सेयर गर्ने भन्ने सु सुचित निर्णय गर्ने क्षमतामा पनि निहित हुन्छ ।



# गोपनियता र डाटा





हाम्रो थरि थरिका व्यक्तिगत डाटाहरु हामीले कति जानेर वा कति अन्जानमा नै इन्टरनेटमा अपलोड गरेका छौं र ती छरिएर बसेका छन् । हामी सम्बन्धित त्यस्तो डाटामार्फत राज्य वा निजी कम्पनीहरुले हामी माथि निगरानी गर्न र आफ्नो मुनाफाको निम्ति प्रयोग गरिरहेका हुन्छन् र हाम्रो समग्र सूचना केलाउदै हामी कस्तो खाले मान्छे हौ, हामीलाई के मन पर्छ या पर्दैन, हामी के गर्न चाहन्छौ वा चाहन्नौ भन्ने खोतल्न सक्छन् । त्यसो हुँदा हामीले अनलाईनमा देखाएको व्यवहारलाई तोडमोड गर्ने/आफु अनुकुल बनाउने काम समेत गर्न सक्छन् । पितृसत्ताले बिगत धेरै समय देखि निगरानी जस्तो साधन/उपकरण प्रयोग गर्दै महिलाहरुको शरीर, बोली र सक्रियतालाई नियन्त्रण गर्ने र बन्देज लगाउने काम पनि गर्दै आएको छ । हामी यी सबै प्रयास र प्रबृत्तिको बिरोध गर्छौं । हामी कुनै पनि व्यक्ति, निजि क्षेत्र, राज्य र गैर-राज्य पक्षले गर्ने निगरानीको अभ्यासहरुलाई प्रश्न गर्दै पूर्णतया गोपनियताको हकलाई समर्थन गर्छौं । साथै अनलाईनमा भएका हाम्रो आफ्नो डाटा र जानकारीहरु हाम्रै नियन्त्रणमा हुनु पर्ने र पूर्णतया हामीले मात्र त्यसको संचालन/नियमन गर्न पाउनु पर्ने कुराको प्रबर्धन गर्छौं।

# सम्झना/स्मृति

अघि नै भने जस्तै इन्टरनेटमा हामीले अपलोड गरेका सुचनाहरु नमेटिए सम्म त्यो हाम्रो अनलाइन इतिहासको हिस्सा बनेर रही रहन्छ | सतहमा हेर्दा यी सुचनाहरु हाम्रो स्वामित्वमा देखिए पनि ठुला ठुला आइटी कम्पनिले यसको भण्डारण गरिरहेका हुन्छन् । उदाहरणको लागि सामाजिक संजालको आफ्नो नीजि खातामा झुल्किने हाम्रो मेमोरी पनि यहि इतिहासको एउटा पाटो मान्न सकिन्छ | फेमिनिस्ट इन्टरनेटको सिद्धान्त अनुसार हाम्रा निजि इतिहास र स्मृति माथि नियन्त्रण राख्ने हाम्रो अधिकार हुनुपर्छ । अर्थात अनलाईनमा रहेका हाम्रो सबै निजि डाटा र जानकारीहरुमा हाम्रो पहुँच हुनुपर्छ । हाम्रो डाटा माथि कुन शर्तमा कसको पहुँच छ भन्ने जानकारी हामीले पाउनुपर्छ र यसलाई सधैको लागि मेटाउने/डीलिट गर्न पाउने छनौट पनि हाम्रो हातमा हुनु पर्छ |



# अज्ञातपन /एनोनिमिटी




इन्टरनेटको एउटा विशेषता भनेको आफ्नो बास्तविक पहिचान नखुलाई अर्थात अज्ञात बनेर पनि त्यहाँ बस्न र काम गर्न सकिन्छ । तर कतिपय मान्यता अज्ञात बस्नु भनेको अपराधिक काम गर्न वा अरुलाई हैरानी पुर्याउनको लागि मात्र हो भन्ने पनि छ । जुन एकतर्फी र गलत छ । यस्तो खालको सुविधाले विभेदमा परेका महिला तर क्वेयर व्यक्तिहरुलाई त्यहाँ सुरक्षित समेत अनुभूत गराउँछ । किनभने आफ्नो पहिचान खुलाएर बोल्न नसकिने कति कुरा अज्ञात बसेर बोल्न उनीहरुलाई सहज हुन्छ । त्यसका साथै अज्ञात बसेर यौनिकता र विषमलैंगिकता सम्बन्धि ट्याबूहरुलाई तोड्न या आफ्नो लैंगिक पहिचान परिक्षण/अन्वेषण गर्न पनि उनीहरुलाई मदत पुग्दछ। यसर्थ, हामी अनलाईनमा अज्ञात बस्न पाउने अधिकारको बचाव गर्दै अज्ञात हुनबाट रोक लगाउने सबै दावाहरुलाई अस्विकार गर्छौं ।



# बाल तथा युवा समुह

फेमिनिस्ट इन्टरनेटको सिद्धान्तले बाल तथा युवा समुहलाई पनि समेटेको छ। बिशेषत: अनलाइनमा अपनाइने सुरक्षाको सवालमा उनीहरुको अनुभव र आवाजहरु पनि समाबेश हुनुपर्ने हाम्रो धारणा छ। हामी कहाँ इन्टरनेटमा बालसमुहको उपस्थितिले उनीहरुमाथि कुनै खतरा वा दुर्घटना निम्त्याउने एकोहोरो बुझाई छ। फलस्वरूप उनीहरुलाई सुरक्षित बनाउने नाउँमा इन्टरनेटको पहुँच र प्रयोगमा बन्देज लगाइन्छ र निर्णय लिने स्थानमा उनीहरुको बेवास्ता गरिन्छ। जसको कारण उनीहरुको सूचनाको पहुँच सम्बन्धि अधिकार कुण्ठित हुन्छ भने उनीहरुको अनलाइन उपस्थितिको गोपनियता माथि पनि परिवारबाट सम्झौता गर्न लगाइन्छ। जबकी यो उमेर समुह भनेको आफ्नो स्वस्थ भावनात्मक र यौनिक विकास हुने जीवनको कठिन तर महत्वपुर्ण समय हो जसमा इन्टरनेटको माद्यमबाट प्राप्त सकारात्मक जानकारीले उनीहरुको बिकासमा निकै ठुलो भूमिका खेल्न सक्छ। हामी यी सम्पूर्ण कुराहरु मध्येनजर गर्दै नीति/निर्णयहरुमा बाल तथा युवासमुदायको आवाज र अनुभव पनि समावेश गर्नका लागि आवहान गर्छौं र उनीहरुको सुरक्षा, गोपनीयता र सुचना माथिको पहुँचलाई प्रवर्धन गर्छौं।



# अनलाईन हिंसा

महिला तथा क्वेयर व्यक्तिहरुले भोगेको हमला, डर, धम्कि/दबाब र पुलिसिंगका घटनाहरु वास्तविक, हानिकारक/हानि पुर्याउने र डरलाग्दा छन् । अनलाइनमा घटाइने यस्तो हिँसा यौनिकताको आधारमा हुने हिंसाअन्तर्गतको व्यापक मुद्दा हो । यो अनलाइन बाहिरको दुनियामा घट्ने हिंसा कै प्रतिबिम्ब हो । यस्तो मुद्दाहरुलाई सम्बोधन गर्दै यसको अन्त्य गर्नु हाम्रो सामुहिक जिम्मेवारी हो । जसमा इन्टरनेट प्रयोगकर्ता, नीति निर्माणकर्ता र निजि क्षेत्र लगायत सबै इन्टरनेटका सरोकारवालाहरुको ठुलो भूमिका हुन्छ। हामी अनलाईन उत्पीडन र प्रबिधि सम्बन्धि हुने हिंसाको मुद्दालाई सम्बोधन गर्न यी सबै सरोकारवालाहरुलाई आवहान गर्छौं ।





क्विअर इन्टरनेटका सिद्धान्तहरू
www.feministinternet.net

Body & Data

बडी एण्ड डाटा नेपालमा डिजिटल अधिकार सम्बन्धि काम गर्ने संस्था हो जसले महिला र क्व्येर व्यक्तिहरुको अभिव्यक्ति, स्वायत्तता र एजेन्सीका लागि उपयुक्त उपाय/रणनीतिहरु प्रदान गरी डिजिटल स्थानहरुमा उनीहरुको संलग्नता बढाउने उदेश्य राखेको छ।

स. राई तथा प्र. गुरुङ द्वारा डिजाईन गरिएको पुस्तिका